# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६१) काठमाडौं जेठ २३ गते २०६८ साल (संख्या ८


## भाग ३

नेपाल सरकार

### राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

#### राष्ट्रिय जनगणना २०६८ को आदेश, २०६८

तथ्याङ्क ऐन, २०१५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "राष्ट्रिय जनगणना २०६८ को आदेश, २०६८" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "विभाग" भन्नाले केन्द्रीय तथ्याङ्क विभाग सम्झनु पर्छ ।

३. राष्ट्रिय जनगणना २०६८ को लागि तथ्याङ्क संकलन गर्न सक्ने: विभागले तोकेको कुनै खास अवधिभित्र नेपालको यकिन जनसंख्या, जनताको आर्थिक तथा सामाजिक तथ्य, मातृभाषा, जातजाति, धर्म, बसाई-सराई, शैक्षिक योग्यता, वैवाहिक स्थिति, आम्दानी हुने काममा लागेको वा नलागेका व्यक्तिहरुको विवरण समेत प्राप्त गर्नको लागि २०६८ सालमा गरिने राष्ट्रिय जनगणनाको सन्दर्भमा अनुसूची १, २ र ३ बमोजिमका कुराहरु सोधी जनगणनाको कार्य गर्न वा गराउन सक्नेछ ।

४. अधिकृत र कर्मचारीको नियुक्ति र मनोनयन: विभागले दफा ३ बमोजिम जनगणना गर्ने कामको लागि आवश्यक अधिकृत तथा कर्मचारी नियुक्ति वा मनोनयन गर्न सक्नेछ ।

५. अधिकृत तथा कर्मचारीको काम, कर्तव्य र अधिकार: (१) जनगणनाको काम गर्ने कर्मचारीले आफूलाई तोकिएको जिल्ला वा क्षेत्रमा गई तोकिएको अवधिभित्र सम्बन्धित परिवारको मूली वा परिवारको बारेमा जवाफ दिन सक्ने जिम्मेवार व्यक्तिसंग सोधपुछ गरी अनुसूची-१, २ र ३ मा उल्लिखित कुराहरुसंग सम्बन्धित विषयको सही जानकारी प्राप्त गरी विभागले तोकेको ढाँचा बमोजिमको फाराममा विवरण भर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणलाई जनगणनाको काम गर्ने अधिकृत वा कर्मचारीले विभागले तोकेको अवधिभित्र तोकिएको अधिकृत वा कर्मचारी समक्ष बुझाउनु पर्नेछ ।





(३) उपदफा (१) बमोजिमको काममा लागेको अवधिको लागि जनगणनाको काम गर्ने अधिकृत वा कर्मचारीले नेपाल सरकारले तोकिदिए बमोजिम निश्चित रकम पारिश्रमिक वापत पाउनेछ ।

६. जनगणना गर्ने काममा सहयोग गर्नु पर्ने : जनगणना गर्ने कामसंग सम्बन्धित विभाग, अधिकृत वा कर्मचारीलाई सहयोग गर्नु नेपाल सरकारका सबै कार्यालय, सरकारी वा गैर सरकारी संस्था, गाउँ विकास समिति, नगरपालिका तथा सबै नागरिकको कर्तव्य हुनेछ ।

७. संकलित तथ्याङ्कको उपयोग: संकलित तथ्याङ्कलाई विभागले सम्पादन गरी त्यसको आधारमा जनगणनाको प्रतिवेदन प्रकाशन गर्नेछ ।

तर प्रतिवेदन प्रकाशन नहुँदै विभागले आवश्यक ठानेमा संकलित तथ्याङ्क समष्टि वा आंशिक रुपमा पनि विशेष अध्ययन वा अन्वेषण गर्ने व्यक्ति वा संस्थालाई शर्त तोकी उपलब्ध गराउन सक्नेछ ।

अनुसूची १

(दफा ३ र ५ संग सम्बन्धित)

घर परिवार सूचिकरण लगत र परिचयात्मक विवरण

१. जिल्ला......... गा.वि.स. / न.पा. ....

गाउँ/बस्ती/टोल/वडा.नं.....गणना क्षेत्र नं. ...

२. घर क्र.सं. :-

३. परिवार क्र.सं. :-

४. परिवार मूलीको नाम, थर, जातजाति :-

५. अक्सर बसोबास गर्ने जम्मा सदस्य, पुरुष, स्त्री, तेस्रो लिङ्गी :-

६. परिवारले कृषि प्रयोजनको लागि यस जिल्लाभित्र चलन गरेको जग्गा र क्षेत्रफल :-

७. परिवारले कृषि प्रयोजनको लागि पालेका पशुपन्छी र संख्या :-

८. परिवारले चलाएको कृषि बाहेक साना घरेलु व्यवसाय :-





अनुसूची- २

(दफा ३ र ५ संग सम्बन्धित)

लगत १

१. परिचयात्मक विवरण:

१.१ जिल्ला......... गा.वि.स. / न.पा. ....
गाउँ/बस्ती/टोल/वडा.नं.....गणना क्षेत्र नं. ...

१.२ घर क्र.सं. .... परिवार क्र.सं. ...

१.३ परिवार मूलीको नाम, थर, लिङ्ग :-

१.४ परिवारमा अक्सर बसोबास गर्ने सदस्य जम्मा ..... पुरुष ...... स्त्री......

१.५ परिवारमा अनुपस्थित व्यक्ति (स्वदेशभित्र रहेका वा विदेश गएका) जम्मा : ...... पुरुष .... स्त्री ....

२. पारिवारिक विवरण :

२.१ घरको स्वामित्व :-

२.२ घरको बनौट :-

२.३ पिउने पानीको श्रोत :-

२.४ खाना पकाउने इन्धनको प्रयोग :-

२.५ बत्ती बाल्ने साधन :-

२.६ चर्पीको प्रयोग :-

२.७ परिवारले प्रयोग गरेका सुविधाका साधनहरु :-

२.८ महिलाको नाममा रहेको घर, जग्गा र जग्गाको क्षेत्रफल :-

२.९ विगत १२ महिनामा परिवारमा कसैको मृत्यु भएको भए मृत्यु भएको कारण र व्यक्तिको विवरण :-

२.१० परिवारमा अनुपस्थित व्यक्ति विदेश गएको भए विदेश गएको कारण र व्यक्तिको विवरण :-

३. **व्यक्तिगत विवरण :**

३.१ क्रम संख्या :-

३.२ परिवारका सदस्यको नाम, थर :-

३.३ परिवार मूलीसंगको नाता :-

३.४ लिङ्ग :-

३.५ उमेर :-

३.६ जात/जाति :-

३.७ बैवाहिक स्थिति, पहिलो विवाह गर्दाको उमेर (१० वर्ष वा सोभन्दा माथिलाई मात्र) :-

३.८ धर्म :-

३.९ मातृभाषा र दोस्रो भाषा :-

३.१० नागरिकता :-

३.११ शारीरिक वा मानसिक अपाङ्गता भएको / नभएको :-

३.१२ लेखपढ गर्न जानेको / नजानेको (५ वर्ष वा सोभन्दा माथिकालाई मात्र) :-

३.१३ हाल स्कूल/कलेज जाने गरेको/नगरेको (५ वर्ष वा सोभन्दा माथिकालाई मात्र) :-

३.१४ लेखपढ गर्न जानेको भए उत्तीर्ण गरेको तह, क्षेत्र र विषय (५ वर्ष वा सोभन्दा माथिकालाई मात्र) :-





## अनुसूची- ३

**(दफा ३ र ५ संग सम्बन्धित)**

लगत २

१. **परिचयात्मक विवरण :**

१.१ जिल्ला ... गा.वि.स./न.पा. .... वडा नं. .... गणना क्षेत्र .... गाउँ/बस्ती/टोल ...

१.२ लगत १ को घर र परिवार क्र.सं. .......

१.३ परिवारमा अक्सर बसोबास गर्ने व्यक्ति संख्याः जम्मा...... पुरुषः .... स्त्रीः ...

२. **व्यक्तिगत विवरण :**

२.१ परिवारमा अक्सर वसोवास गर्ने व्यक्तिको नाम :-

२.२ लिङ्गः (पुरुष/स्त्री) :-

२.३ उमेर :-

२.४ वैवाहिक स्थिति :-

२.५ जन्मस्थल :-

२.६ यहाँ बसोबास गरेको अवधि :-

२.७ यहाँ बसोबास गर्नुको मुख्य कारण :-

२.८ पाँच वर्ष अघिको बसोबास (५ वर्ष र सो भन्दाका माथिकालाई) :-

२.९ विवाह भएका १५ देखि ४९ वर्ष सम्मका महिलाले हालसम्म जिवित जन्माएका सन्तानको विवरण :-

२.१० विवाह भएका १५ देखि ४९ वर्ष सम्मका महिलाले वितेको १२ महिनामा जीवित जन्माएका बच्चा :-

२.११ वितेको १२ महिनामा गरेको काम र समयावधि :-

२.१२ के आर्थिक काम कहाँ गर्नु भयो :-

२.१३ आर्थिक कामगर्दाको हैसियत :-

२.१४ वितेको १२ महिनामा आर्थिक रुपले सक्रिय नहुनुको कारण :-

२.१५ १६ वर्ष भन्दा कम उमेरका केटाकेटी कोसँग बसेका छन् :-

आज्ञाले,
**युवराज भुसाल**
**सदस्य सचिव**





# भाग ५

नेपाल सरकार

## वन तथा भू संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले वन नियमावली, २०५१ को नियम ६८ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूचीमा देहाय बमोजिम हेरफेर गरेको छ ।

(१) अनुसूची-२ को सट्टा यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-२ राखिएको छ ।

(२) अनुसूची- ६ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

| "क.सं. | (ख) खनिजजन्य वन पैदावार | एकाइ | मूल्य दर रु. |
|---|---|---|---|
| १. | ग्रावेल | प्रति क्यू. फिट | ३।- |
| २. | चुनढुङ्गा | प्रति क्यू. फिट | ३।- |
| ३. | छाप्नेढुङ्गा | प्रति वर्ग फिट | ३।- |
| ४. | वालुवा | प्रति क्यू. फिट | १।५० |
| ५. | साधारण ढुङ्गा | प्रति क्यू. फिट | १।५० |
| ६. | स्लेट | प्रति वर्ग फिट | ३।०० |
| ७. | गोल / पत्थर कोइला | प्रति किलोग्राम | १५।- |
| ८. | मिट्टी कोइला | प्रति किलोग्राम | २।-" |